# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

सूचना नं ४८३/२०८१-०८२, मितिः-२०८१/३/१

## तह वृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० को उपदफा (१) बमोजिम तहवृद्धिका लागि योग्यता पुगेका यस आयोगमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारीहरुलाई यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र तह वृद्धिका लागि देहाय बमोजिमका सम्पूर्ण कागजात सहित यस आयोगमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु**

१. उम्मेदवारको निवेदन (नाम, थर, सेवा, समूह, पद र मोबाइल नं. स्पष्ट खुल्ने गरी),
२. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम निवेदनमा स्पष्ट खुलाउनु पर्नेछ,
३. नियुक्ति पत्रको प्रतिलिपि,
४. समायोजन पत्रको प्रतिलिपि,
५. पदस्थापना गरिएको पत्रको प्रतिलिपि,
६. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
७. अध्ययन बिदा/असाधारण बिदा/बेतलवी बिदा नलिएको सिफारिस पत्र,
८. कुनै विभागीय सजाय नपाएको/निलम्बनको निर्णय नभएको भनी गरिएको सिफारिस पत्र,
९. अन्य आवश्यक कागजातहरु।

ऋषि कुमार खनाल

उपसचिव

☎: ०२१-४२२०७५ ✉: koshipsc@gmail.com psc.koshi.gov.np